दशरथचन्द नगरपालिकाको कार्यालय

नगर योजना आयोग (गठन तथा संचालन), ऐन

२०७९

**प्रस्तावना:**

दशरथचन्द नगरपालिकाको नीति तथा योजना तयार गर्न र त्यसको कार्यान्वयनमा सहयोग गर्न, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन गर्न, स्थानीयस्तरका बिकास आयोजना तथा परियोजनाहरुको अध्ययन, अनुसन्धान, विश्लेषण, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्न, स्थानीय अभिलेख व्यवस्थापन गर्न, नगर विकास तथा व्यवस्थापन एवं सुशासनका क्षेत्रमा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न, दशरथचन्द नगरपालिकाको समग्र क्षेत्रको समानूपातिक तवरले विकास गर्नको निमित्त, नगर विकास नीति, दीर्घकालीन सोच, योजना र कार्यक्रम तर्जुमा गर्न, नगर सभा, नगरकार्यपालिका, बिषयगत समिति, योजना तर्जुमा समितिलाई आवश्यक राय परामर्श दिन, दिगो विकासको कार्यलाई तिव्रता दिन आवश्यक सहयोग र सहजीकरण गर्ने बिशिष्टीकृत निकायका रुपमा दशरथचन्द नगरपालिकामा नगर योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र सुदुरपश्चिम सरकारद्धारा जारी स्थानिय तहको कानुन निर्माण प्रकृया ऐन २०७५ बमोजिम सुदुरपश्चिम प्रदेशको स्थानिय कानुन निर्माण प्रकृया ऐन २०७५ बमोजिम यो ऐन बनाई नगर सभाबाट पास गरि बनाएको छ।

परिच्छेद - १

(प्रारम्भिक)

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "दशरथचन्द नगरपालिकाको, नगर योजना आयोग (गठन तथा संचालन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "आयोग" भन्नाले दशरथचन्द नगरपालिकाको नगर योजना आयोग सम्झनु पर्छ।

ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ।



पुष्कर राज जोशी
नगर प्रमुख

घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

ङ) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनु पर्छ।

च) "सचिवालय" भन्नाले आयोगको सचिवालयलाई सम्झनु पर्छ।

छ) "कर्मचारी" भन्नाले आयोगको लागि तोकिएको कर्मचारी सम्झनु पर्छ।

ज) "नगर कार्यपालिका" भन्नाले दशरथचन्द नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

झ) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिकालाई सम्झनु पर्छ।

ञ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत आयोगले समय समयमा जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिए वमोजिम सम्झनुपर्छ।

## परिच्छेद - २

## (आयोगको गठन, बैठक, काम कर्तव्य र अधिकार)

### ३. आयोगको गठन:

१) दशरथचन्द नगरपालिकाको समग्र क्षेत्रको सर्वाङ्गीण विकासलाई दीगो, समावेशी र सन्तुलित तवरले अगाडि बढाउन, समानूपातिक तवरले विकास गर्नको निमित्त, नगर विकास नीति, नीतिको अनुसन्धान, दीर्घकालीन सोच, मध्यकालीन खर्च संरचना, योजना तथा कार्यक्रम तर्जुमा गर्न र कार्यान्वयनमा सहजिकरण गर्न, अनुगमन मूल्यांकन गर्न, योजना बैंक बनाउनु, नगर सभा, नगरकार्यपालिका, बिषयगत समिति, योजना तर्जुमा समितिलाई आवश्यक राय परामर्श दिन दशरथचन्द नगर पालिकामा एक नगर योजना आयोग गठन हुनेछ।

२) आयोगमा देहाय वमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्:।

क) दशरथचन्द नगरपालिकाको नगर प्रमुख - अध्यक्ष

ख) दशरथचन्द नगरपालिकाको नगर उपप्रमुख - स-अध्यक्ष

ग) दशरथचन्द नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगर कार्यपालिकाबाट मनोनित एक जना - उपाध्यक्ष

ङ) योजना शाखां प्रमुख - सदस्य सचिव

३) आयोगले आवश्यकता अनुसार बिज्ञ व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ भन्ने आबश्यकता अनुसार थप सदस्यहरु पनि थप गर्न सकिने छ।



पुष्कर राज जोशी
नगर प्रमुख

CamScanner

४) उपदफा (२) को खण्ड (घ) बमोजिमको उपाध्यक्ष आयोगको पूर्णकालीन पदाधिकारीका रूपमा काम गर्नेछन् ।

**४. आयोगको बैठक :**

(१) आयोगको बैठक महिनाको एक पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा आयोगको उपाध्यक्षले आयोगको बैठक बोलाउन सक्नेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगको उपाध्यक्षबाट प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा आवश्यकत्ता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) आयोगको कार्यसम्पादन बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**५. आयोगको काम, कर्तव्य र अधिकार:**

आयोगको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन्:

क) नेपालको संविधान, संघीय तथा प्रदेश कानून, राष्ट्रले अवलम्वन गरेको नीति समेतका आधारमा सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई दशरथचन्द नगरको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुंच अभिबृद्धि गराउने गरी नीति तथा योजना तर्जुमा गरी कार्यान्यवनका लागि सिफारिस गर्ने ।

ख) नगरपालिकाको विकासको सम्भावना र अवसरलाई वृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा गर्ने ।

ग) नगरपालिकाको आर्थिक, सामाजिक र विकासको समग्र पक्षको वारेमा तथ्याकं संकलन तथा प्रशोधन, अध्ययन अनुसन्धान गरी वा गराई सम्प्रेषण गराउने ।

घ) नगरपालिका भित्रको वडाहरुको सन्तुलित विकासको लागि आवश्यक विकास नीति र रणनीति तर्जुमा गर्ने ।

नगर कार्यपालिकाको कार्यालय दशरथचन्द नगरपालिका बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर राज जोशी
नगर प्रमुख

CamScanner

ड.) नगरपालिका भित्रको प्राकृतिक स्रोतको दीगो तथा कुशल व्यवस्थापनको लागि आवश्यक नीति तथा योजना बनाउने ।

च) नगरको कार्यक्षेत्र भित्रका राजश्व र आर्थिक आधिकारको प्रयोग गर्ने र प्रदेश तथा संघीय सरकार संग अनुदान, वैदेशिक सहायता र ऋण प्राप्त गर्ने सम्बन्धमा नगरको आवधिक, मध्यकालीन वित्त संरचना तयार गर्ने ।

छ) नगरपालिकाको लागि आवश्यक मानव संसाधन विकासको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने ।

ज) नगरपालिका भित्र विपद व्यवस्थापनका लागि आवश्यक रणनीति तथा योजना तर्जुमा गर्ने ।

झ) नगरपालिकाको विकास गर्न १० वर्षे योजना, ५ बर्षे कार्ययोजना, ३ वर्षे कार्ययोजना, १५ वर्षे दीर्घकालीन योजना तयार गर्ने र यसको आधारमा योजनाहरुको अध्ययन विस्लेषण गरि आयोजना बैंक तयार गर्ने ।

ञ) नगरपालिकाको आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गर्दै सोका आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा आवश्यक सहयोग गर्ने ।

ट) नगरपालिकाले निर्णय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन अनुसन्धान गर्ने तथा नगर कार्यपालिकाले निर्णय गरी तोकिएका विषयहरुमा विशेषज्ञ समूहको रुपमा कार्य गर्ने ।

ठ) नगरपालिकाले स्वीकृत गरी लागू गरेका नीति योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

ढ) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगसंग तथा संघीय तथा प्रादेशिक अर्थ मन्त्रालय सग सम्पर्क र समन्वय गर्ने ।

## परिच्छेद - ३

## (उपाध्यक्ष तथा सदस्यको काम कर्तव्य र अधिकार)

### ६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:

क) अध्यक्षको सहमतीमा बैठकको आव्हान र संचालन गर्ने,

ख) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने,

पुष्कर राज जोशी
नगर प्रमुख

ग) नगरको समग्र आर्थिक स्थिति, चालु योजना र नगर प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा नगरकार्यपालिका, विषयगत समितिहरु र प्रमुखलाई जानकारी गराउने,

घ) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गरी प्रमुख समक्ष पेश गर्ने,

ङ) आयोगले सम्पादन गर्नु पर्ने काम कारवाही र जिम्मेवारी तोकिए बमोजिमका अन्य काम गर्ने गराउने,

च) वार्षिक योजना नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन तयार गर्ने तथा प्रत्येक अर्धवार्षिकमा नगर प्रमुखको उपस्थितिमा कार्यक्रमको समिक्षा गर्ने ।

२) आयोगका निर्णय प्रमाणितकरण र आयोगको नियमित कामकारवाहीहरु उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन् ।

**७. सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः**

सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको निर्देशन बमोजिम नियमित बैठक बोलाउने,

ख) आयोगको निर्णय पुस्तिका जिम्मा लिई आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

ग) आयोगको सम्पूर्ण काम कारवाहीलाई व्यवस्थित गर्ने र गराउने,

घ) आयोगको बैठकले तोकिए बमोजिमको अन्य काम गर्ने र गराउने,

ङ) आयोगले तोके बमोजिम अन्य काम हुनेछ ।

**८. सदस्यको काम, कर्तव्य र अधिकारः**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुमा राय दिने र आयोगमा पेश गर्ने,

ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने,

ग) यस ऐन र अन्य कानून बमोजिम कार्य गर्ने,



पुष्कर राज जोशी
नगर प्रमुख

## परिच्छेद - ४

### (उपाध्यक्षको लागी योग्यता र सेवा सर्त तथा सुविधा)

**९. योग्यता :**

देहायका योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्षमा नियुक्त हुन सक्नेछ ।

(क) नेपाली नागरिक ।

(ख) ३५ वर्ष उमेर पुगेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सार्वजनिक प्रशासन, सार्वजनिक नीति, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, कानुन, इन्जिनियरिङ्ग, शिक्षा, स्वास्थ्य, वाणिज्य वा सो सरहका विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी, ५ (पाँच) वर्ष सरकारी वा गैर सरकारी क्षेत्रमा काम गरेको अनुभव हासिल गरेको ।

(घ) कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ङ) नियतबस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) मानसिक अवस्था ठीक भएको,

(छ) विदेशको आवासीय भिसा, डिभि, पीआर धारणा नगरेको,

(ज) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

**१०.** दफा ९ बमोजिम योग्यता पुगेको व्यक्तिलाई नगर प्रमुखको प्रस्तावमा नगरकार्यपालिकाको निर्णय अनुसार नियुक्त गरिने छ ।

**११.पद रिक्त हुने अवस्था :**

देहायको अवस्थामा उपाध्यक्षको पद रिक्त हुनेछ :

(क) नगरपालिका समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

ख) नियम १० बमोजिमको योग्यता कायम नरहेमा,

(ग) पदावधि पुरा भएमा,

(घ) निजको मृत्यु भएमा ।

**१२. शपथ :**

आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्षले नगर प्रमुख समक्ष अनुसूची - २ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।



पुष्कर राज जोशी
नगर प्रमुख

**१३. पदावधि:**

(१) आयोगका उपाध्यक्षको पदावधि ४ वर्षको हुनेछ । चार वर्ष पछि आयोगका उपाध्यक्षको मनोनयन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगको उपाध्यक्ष पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि नगर कार्यपालिकाले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।

**१४. उपाध्यक्षहरूलाई दिईने सेवा सुविधा:**

आयोगका उपाध्यक्षलाई मासिक रुपमा अनुसूची - २ बमोजिम सुविधा उपलब्ध हुनेछ ।

**परिच्छेद - ५ (विविध)**

**१५. सचिवालय सम्बन्धी व्यवस्था:**

१) आयोगको दैनिक, प्रशासनिक काम कारवाहीलाई व्यवस्थित, संस्थागत र नतिजामूखी बनाउनको लागि आयोगको एक सचिवालय हुनेछ । नगरपालिकाको योजना शाखाले आयोगको सचिवालयको काम गर्नेछ ।

२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) आयोगले सम्पादन गर्ने काम कारवाहीमा सहयोग पुर्याउने,

ख) आयोगको बैठकको लागि प्रस्ताव तयार गर्न सहयोग गर्ने,

ग) आयोगको निर्णयहरु कार्यान्वयन गर्न सहयोग गर्ने,

घ) आयोगले तोकेबमोजिमको अन्य कामहरु गर्ने ।

**१६. कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था:**

कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

क) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन्,

ख) आयोगको लागि आवश्यक पर्ने सामान्य सेवाका कर्मचारीहरु नगरपालिकाको कर्मचारीहरु रहनेछन् ।

ग) आयोगको लागि आवश्यक बजेट नगर कार्यपालिकाले विनियोजन गरे बमोजिम हुनेछ ।



पुष्कर राज ...शी
नगर प्रमुख

**१७ नगर विकास परिषद गठन:**

नगर योजना आयोगलाई सुझाव दिन एबं आयोगले तर्जुमा गरेको अल्पकालीन, दीर्घकालीन वा आवधिक विकास योजना छलफलकोलागि देहाय बमोजिमको एक नगर बिकाश परिषद गठन हुनेछ।

क) नगर प्रमुख: अध्यक्ष

ख) नगर भित्रका संघ तथा प्रदेशका सांसद : आमन्त्रित सदस्य

ग) नगर उपप्रमुख: उपाध्यक्ष

घ) प्रमुख प्रसासकिय अधिकृत: सदस्य

छ) नगरपालिका भित्रका वार्ड अध्यक्षहरु: सदस्य

ज) प्रमुखले तोकेका निजि क्षेत्रका प्रतिनिधि २ जना: सदस्य

झ) निबर्तमान नगर प्रमुख - सदस्य

ञ) निबर्तमान नगर उपप्रमुख - सदस्य

ट) नगर आयोजना आयोगको उपाध्यक्ष: सदस्य सचिब

**१८ परिषद्को बैठक सम्बन्धी व्यवस्था:**

(१) परिषद्को बैठक एक अवधिको योजना समाप्त भई अर्को अवधिको लागि तर्जुमा गरिएको योजनामा परामर्श गर्नको लागि बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्ष र निजको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ।

(४) परिषद्को बैठकमा सम्वद्ध पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) परिषद्को निर्णय आयोगको उपाध्यक्षले प्रमाणित गर्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१९ नेपाल सरकार, प्रदेश सरकार तथा अन्य नियोगहरुसँग सम्पर्क:**

आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विदेशी नियोगहरुसँग आवश्यकता अनुसार सम्पर्क गर्न सक्नेछ। साथै नेपाल स्थित विदेशी राजदूतावासहरुसंग पनि नेपाल सरकारसंग समन्वय



पुष्कर राज जोशी
नगर प्रमुख

गरी आयोगलाई तोकिएका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्न सक्नेछ तर प्रमुखको निर्देशन र जानकारी विना कुनैपनि सदस्यले विदेशी नियोग तथा नेपाल सरकारका निकायहरुसँग आयोग सम्बन्धी विषयमा व्यक्तिगत रुपमा सम्पर्क तथा समन्वय गर्न सकिने छैन् ।

**२०. सहयोग गर्नुपर्ने:**

आयोगको काम कारवाहीलाई प्रभावकारी तथा व्यवस्थित बनाउन दशरथचन्द नगरपालिका, नगर सभाका सदस्य, नगर कार्यपालिकाका सदस्य, विभिन्न समिति र कर्मचारीहरु समेतले आयोगको आवश्यकता बमोजिम सहयोग गर्नुपर्नेछ ।

**२१. समिति, उप-समिति कार्यदल गठन गर्न सक्ने:**

आयोगले आफ्नो काम कारवाहीलाई थप गुणात्मक र प्रभावकारी बनाउन विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गरी निश्चित कार्य विवरण, समय र सेवा सुविधा तोकी काममा लगाउन सक्नेछ ।

**२२. सेवा करार वा परामर्श सेवामा काम लगाउन सक्ने:**

आयोगले आवश्यकतानुसार कुनै संघ, संस्था, कम्पनी वा फर्ममार्फत सेवा करारमा वा परामर्श सेवा लिई आयोगका कार्यक्षेत्रका कुनै कार्य गर्ने वा त्यस्तो कार्यको जिम्मेवारी तोकी काममा लगाउन सक्नेछ।

**२३. प्रतिवेदन पेश गर्ने :**

(१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमे पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले नगर सभामा पठाउनेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

**२४ निर्देशिका जारी गर्न सक्ने:**

यस ऐनको उद्देश्य प्राप्तिका लागि आयोगले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**२५.अधिकार प्रत्यायोजन :**

आयोगले यस आदेश बमोजम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२६. खारेजी र संशोधन:** दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको सिफारिसमा नगरसभाबाट यस ऐनमा आवश्यकता अनुसार संशोधन, थपघट गर्न सक्नेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

Certified
2068-8-13

**अनुसूची - १**

**आयोगका पदाधिकारी तथा सदस्यहरुको सेवा र सुविधा देहाए बमोजिम हुने छ ।**

१) आयोगका पदाधिकारी तथा सदस्यहरुले बैठक भत्ता वापत निर्देशिका अनुसारको भत्ता पाउनेछन् ।

२) उपाध्यक्षलाई मासिक तलब वापत नेपाल सरकारको अधिकृत छैटो तह सरहको सेवा सुविधा उपलब्ध गराइनेछ ।

३) स्थानिय तहको भत्ता उपलब्ध गराइनेछ ।

४) नगर योजना आयोगको कामको सिलसिलामा भ्रमण गर्नु परेमा उपाध्यक्षलाई भ्रमण भत्ता उपलब्ध गराइने छ ।

अनुसूची २

**दशरथचन्द नगर योजना आयोगको उपाध्यक्षको शपथको ढाँचा**

म..............................................., दशरथचन्द नगरपालिका र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै दशरथचन्द नगरपालिका नगर योजना आयोगको ...................पदको कामकाज प्रचलित कानुनको अधीनमा रही दशरथचन्द नगरपालिका र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ काम गर्नेछु र आफ्नो कर्तव्यपालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थर:.. ...........................................

पद......................

सम्पर्क न.........................

Certified

पुष्कर राज जोशी
नगर प्रमुख